
# स्थानीय तह वजेटका प्राथमिकता

## लुम्बिनी प्रदेशका स्थानीय तहहरुले गत तीन आर्थिक वर्षको वजेट विश्लेषण

स्थानीय तहहरुले विगत तीन आर्थिक वर्षमा कुन कुन क्षेत्रमा के कति वजेट छुट्टयाएका छन् ? अथार्त् स्थानीय तहहरुले कुन कुन क्षेत्रलाई प्राथमिकता दिएका छन् भन्ने कुरा थाहा पाउन यो विश्लेषण गरिएको हो । यो विश्लेषणात्मक अध्ययनमा लुम्बिनी प्रदेशका का ८ वटा स्थानीय तहलाई समावेश गरिएको छ । ८ स्थानीय तहमध्ये एउटा उपमहानगरपालिका रहेको छ जसमा नेपालगञ्ज (बाँके) लाई छनौट गरिएको छ । त्यस्तै अध्ययनका क्रममा ५ वटा नगरपालिकालाई छनौट गरिएको छ जसमा रोल्पा (रोल्पा), कोहलपुर (बाँके), रेसुङगा (गुल्मी), तानसेन (पाल्पा) र सन्धिखर्क (अर्घाखाँची) रहेका छन् । अध्ययनमा २ वटा चाहिं गाउँपालिकालाई समेटिएको छ जसमा झिमरुक (प्युठान) र रम्भा (पाल्पा) रहेका छन् । विश्लेषणका क्रममा देखिएको स्थानीय तहको वजेट विनियोजनको प्रवृति तल प्रस्तुत गरिएको छ ।


## *आर्थिक विकासमा वजेट वृद्धि*

आर्थिक विकासअर्न्तगत कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र रहेका छन् । लुम्बिनी प्रदेशका स्थानीय तहहरुको वजेटलाई केलाउँदा २०७५/७६ र २०७६/७७ को तुलनामा २०७७/७८ मा रोल्पावाहेक अन्य सबै स्थानीय तहले वजेट वृद्धि गरेको देखिन्छ । रेसुङगा, भिमरुक, रम्भा, नेपालगञ्ज र तानसेनले आर्थिक विकासतर्फ हरेक आर्थिक वर्षमा वजेट वृद्धि गर्दै लगेको देखिन्छ । तर, रोल्पा नगरपालिकाको हकमा भने त्यस विपरित हरेक वर्ष आर्थिक विकासतर्फ वजेट घट्दै गएको देखिन्छ । त्यस्तै कोहलपुर र सन्धिखर्कले भने आर्थिक विकासतर्फ २०७५/७६ को तुलनामा २०७६/७७ मा घटाएपनि फेरि पछिल्लो आर्थिक वर्ष २०७७/७८ मा भने यसतर्फ वजेट वृद्धि गरेका छन् । अझ कोहलपुरले अघिल्लो वर्षको तुलनामा आर्थिक विकासतर्फ २०७७/७८ मा दोब्बर वजेट वृद्धि गरेको छ भने सन्धिखर्कले तीनगुणाले वजेट वृद्धि गरेको देखिन्छ । यसरी आर्थिक विकासतर्फ स्थानीय तहहरुले वजेट वृद्धि गर्दै जानु आफैमा सकारात्मक पक्ष हो ।




## *आधा वजेट सामाजिक विकासमा*

सामाजिक विकास अन्र्तगत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, खेलकुद तथा मनोरञ्जन र लैङिगक समानता एवं सामाजिक समावेशीकरण पर्छन् । कतिपय स्थानीय तहले सामाजिक विकासमा पनि आर्थिक विकासकै हाराहारीमा वजेट छुट्टयाएका छन् भने धेरैजसोले चाहिं सामाजिक विकासमा धेरै वजेट छुट्टयाएको देखिन्छ । अघिल्ला दुई आर्थिक वर्षको तुलनामा पछिल्लो वर्ष रोल्पा, रम्भा र नेपालगञ्जले चाहिं सामाजिक विकासमा वजेट घटाएका छन् । र, सामाजिक विकासमा सबैभन्दा कम वजेट छुट्टयाउने स्थानीय तह पनि यिनै हुन् । पछिल्लो आर्थिक वर्षमा नेपालगञ्जले २.८३ प्रतिशत, रोल्पाले ४.७९ र रम्भाले ११.२८ प्रतिशत वजेट सामाजिक विकासका लागि छुट्टयाएका छन् । अर्कोतर्फ सामाजिक विकासमा धेरै वजेट छुट्टयाउनेमा चाहिं झिमरुक (५५.५१ प्रतिशत), सन्धिखर्क ( ५५.२९ प्रतिशत), तानसेन (५०.३८) र रेसुङगा (४९.२३ प्रतिशत) रहेका छन् । यी स्थानीय तहहरुले आफनो कुल वजेटको आधा हिस्सा रकम सामाजिक विकासका लागि छुट्टयाएको देखिन्छ । यसरी स्थानीय तहहरुले पछिल्लो वर्ष सामाजिक विकासलाई जोड दिएपनि हरेक आर्थिक वर्षमा एकरुपता भने देखिदैन । यसले स्थानीय तहहरुले विस्तारै लय पक्रिदै गरेको देखिन्छ ।




## पुर्वाधार विकासमा घट्दो वजेट

पुर्वाधार विकास अर्न्तगत स्थानीय तहहरुले स्थानीय सडक, पुल तथा झोलुङगे पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत एवं वैकल्पिक उर्जा, संचार र अन्य भौतिक संरचनाका लागि वजेट छुट्टयाउने गर्छन् । स्थानीय तहहरुले अघिल्ला दुई आर्थिक वर्षमा कतिपयले एक तिहाई र केहीले आधा हिस्सा छुट्टयाए पनि पछिल्लो आर्थिक वर्षमा भने अधिकांशले यो शीर्षकको वजेट घटाएका छन् । रोल्पा, कोहलपुर, रेसुङगा, झिमरुक, रम्भा, नेपालगञ्ज र तानसेनले अघिल्ला दुई वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा पुर्वाधार विकासतर्फको वजेट घटाएका हुन् । आर्थिक वर्ष २०७६/७७ मा पुर्वाधार विकासतर्फ २९.७२ प्रतिशत वजेट छुट्टयाएको रेसुङगाले पछिल्लो आर्थिक वर्षमा ८.८२ प्रतिशत मात्रै छुट्टयाएको छ । त्यस्तै अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा पुर्वाधार विकासतर्फको वजेटलाई झिमरुकले ४५.३८ प्रतिशतवाट १९.४७ प्रतिशतमा, रम्भाले २६.०५ प्रतिशतवाट ६.९६ प्रतिशतमा, नेपालगञ्जले ५३.८४ प्रतिशतबाट १२.५५ प्रतिशतमा, तानसेनले २३.९३ प्रतिशतबाट १३.७७ प्रतिशत, रोल्पाले ३०.२० प्रतिशतबाट २२.३२ प्रतिशतमा र कोहलपुरले ३७.८६ प्रतिशतबाट ३२.४३ प्रतिशतमा झारेको छ । तर, सन्धिखर्कले भने अघिल्ला दुई आर्थिक वर्षको तुलनामा २०७७/७८ मा पुर्वाधार विकासतर्फ वजेट वृद्धि गरेको छ । अघिल्ला दुई आर्थिक वर्षमा १७.२३ प्रतिशत वजेट पुर्वाधार विकासमा छुट्टयाएको सन्धिखर्कले २०७७/७८ मा २२.३१ प्रतिशत वजेट छुट्टयाएको हो । यसरी अघिल्ला वर्षहरुमा एक तिहाई र केहीले वजेटको आधा हिस्सा पुर्वाधार विकासमा छुट्टयाएपनि पछिल्लो आर्थिक वर्षमा भने यसतर्फको वजेट कटौती गरेको देखिन्छ ।




## *प्राथमिकतामा छैन वातावरण तथा विपद् व्यवस्थापन*

स्थानीय तहहरुले वातावरण तथा विपद् व्यवस्थापन शीर्षकअर्न्तगत वन तथा भुसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण एवं जलवायु परिवर्तन, फोहरमैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन र वारुण यन्त्र संचालनलगायतमा वजेट विनियोजन गर्ने गर्छन् । यसरी वजेट विनियोजन गर्ने क्रममा स्थानीय तहहरुले वातावरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकता दिएको देखिदैन । एक हिसावले भन्ने हो भने प्रायः सबै स्थानीय तहहरुले वातावरण तथा विपद् व्यवस्थापनमा न्युन वजेट छुट्टयाएको देखिन्छ । एक त विपद् व्यवस्थापनमा न्युन बजेट छुट्टयाउँदै आएका स्थानीय तहहरुले अघिल्ला आर्थिक वर्षको तुलनामा पछिल्लो वर्ष यो शीर्षकमा वजेट अझै कम छुट्टयाएका छन् । रोल्पा, रेसुङगा, रम्भाले अघिल्ला आर्थिक वर्षका तुलनामा यो शीर्षकमा २०७७/७८ मा वजेट घटाएका छन् । अझ कोहलपुर र झिमरुकले आर्थिक वर्ष २०७७/७८ मा यो शीर्षकमा वजेट नै छुट्टयाएका छैनन् । यसले पनि स्थानीय तहहरुमा विपद् व्यवस्थापनको विषयमा ध्यान नपुगेको देखिन्छ । नेपालगञ्ज, तानसेन र सन्धिखर्कले चाहिं पछिल्लो आर्थिक वर्षमा यो शीर्षकअर्न्तगत वजेट वृद्धि गरेका छन् । आर्थिक वर्ष २०७७/७८ मा वातावरण तथा विपद् व्यवस्थापन शीर्षकमा नेपालगञ्जले २.७४ प्रतिशत, तानसेनले ९.१७ प्रतिशत र सन्धिखर्कले १.८९ प्रतिशत वजेट छुट्टयाएका छन् ।




## *सुशासन र संस्थागत विकासमा न्युन वजेट*


स्थानीय तहहरुले संस्थागत विकास, सेवा प्रवाह र सुशासन शीर्षक दिएर सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधी, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङक संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रर्वद्धन, अनुसन्धान तथा विकास र अन्य उपशीर्षकमा वजेट विनियोजन गर्ने गर्छन् । अघिल्ला दुई आर्थिक वर्षको तुलनामा २०७७/७८ मा रोल्पा, कोहलपुर, रेसुङगा र नेपालगञ्जले सुशासन र संस्थागत विकासतर्फ वजेट वृद्धि गरेका छन् भने झिमरुक, रम्भा, तानसेन र सन्धिखर्कले भने यो शीर्षकमा वजेट घटाएको देखिन्छ । यद्यपी सबै स्थानीय तहले यो शीर्षकमा कमै मात्र वजेट छुट्टयाउने गरेका छन् । आर्थिक वर्ष २०७७/७८ मा सुशासन र संस्थागत विकासतर्फ सबैभन्दा धेरै कोहलपुरले ५.६७ प्रतिशत बजेट छुट्टयाएको छ भने सबैभन्दा कम रम्भाले ०.६१ प्रतिशत मात्रै छुट्टयाएको देखिन्छ ।



## *पुँजीगत वजेटको अवस्था*


अघिल्ला दुई आर्थिक वर्षको तुलनामा २०७७/७८ मा एकाध स्थानीय तहवाहेक अन्यको पुँजीगत र चालु वजेटको अवस्थामा खासै भिन्नता देखिएको छैन । रम्भा र सन्धिखर्कको सवालमा भने अघिल्लो आर्थिक वर्षको तुलनामा २०७७/७८ मा यी शीर्षकका वजेटमा ठुलो अन्तर देखिन्छ । पुँजीगततर्फ आर्थिक वर्ष २०७६/७७ मा ८०.८३ प्रतिशत वजेट छुट्ट्याएको रम्भाले २०७७/७८ मा भने २५.४० प्रतिशत वजेट मात्रै छुट्ट्याएको देखिन्छ। त्यस्तै सन्धिखर्कको सवालमा चाहिं त्यसको ठीक उल्टो देखिन्छ । आर्थिक वर्ष २०७६/७७ मा पुँजीगततर्फ ३६.४३ प्रतिशत बजेट छुट्ट्याएको सन्धिखर्कले २०७७/७८ मा ९१.६६ प्रतिशत वजेट छुट्ट्याएको देखिन्छ । यी स्थानीय तहहरुको चालु खर्चतर्फको वजेटमा पनि यही अनुपातमा असर परेको देखिन्छ ।




## बढाउँदैछन् कृषि वजेट

अध्ययनमा समावेश गरिएका लुम्बिनी प्रदेशका स्थानीय तहहरुमध्ये अधिकांशले अघिल्ला दुई आर्थिक वर्षको तुलनामा २०७७/७८ मा कृषितर्फको वजेटमा वृद्धि गरेको देखिन्छ । सन्धिखर्कले कृषितर्फ २०७६/७७ मा २.२४ प्रतिशत छुट्टयाएकोमा २०७७/७८ मा वृद्धि गरेर ९.२८ प्रतिशत पुऱ्याएको छ भने तानसेनले २.९२ प्रतिशतवाट बृद्धि गरेर ७.२८ प्रतिशत पुऱ्याएको छ । त्यस्तै भिmमरुकले २.१७ प्रतिशतवाट ४.५३ प्रतिशत पुऱ्याएको छ भने रम्भाले ४.९६ प्रतिशतबाट ५.७३ प्रतिशत पुऱ्याएको छ । कोहलपुर, रेसुङगा र नेपालगञ्जले पनि अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा कृषितर्फको वजेट वृद्धि गरेका छन् । तर, रोल्पाले भने अघिल्ला दुई आर्थिक वर्षको तुलनामा २०७७/७८ मा कृषितर्फको वजेट कटौती गरेको देखिन्छ । यसरी अधिकांश स्थानीय तहले कृषितर्फको वजेट वृद्धि गर्ने कार्यलाई सकारात्मक रुपमा लिन सकिन्छ ।




## *शिक्षामा औषत*

स्थानीय तहहरुले शिक्षामा छुट्टयाएको वजेटलाई हेर्दा एक अर्कोवीच ठुलो अन्तर देखिन्छ । जस्तो कि नेपालगञ्जले शिक्षाका लागि ०.४५ प्रतिशत मात्रै बजेट छुट्टयाएको छ भने सबैभन्दा बढी रेसुङगाले शिक्षातर्फ ३४.६५ प्रतिशत वजेट छुट्टयाएको देखिन्छ । रोल्पा (१.७९ प्रतिशत) र रम्भा (२.२६ प्रतिशत)ले पनि शिक्षातर्फ पछिल्लो आर्थिक वर्षमा थोरै वजेट छुट्टयाएको देखिन्छ । अर्कोतर्फ सन्धिखर्क (३०.८७ प्रतिशत), झिमरुक (२९.२१ प्रतिशत), कोहलपुर (२१.३२ प्रतिशत) र तानसेनले (२०.०७ प्रतिशत) छुट्टयाएको देखिन्छ । अघिल्लो आर्थिक वर्षको तुलनामा शिक्षातर्फ रेसुङगा, झिमरुक, तानसेन र सन्धिखर्कले वजेट वृद्धि गरेका हुन् ।




## *स्वास्थ्यमा वजेट बढेन*

कोरोना भाइरसका कारण स्वास्थ्य क्षेत्रमा संकट आउँदा पनि स्थानीय तहहरुले आर्थिक वर्ष २०७७/७८ मा स्वास्थ्यतर्फको वजेटमा उल्लेखनीय परिवर्तन गरेको देखिदैन । बरु, रोल्पा, नेपालगञ्ज र तानसेनले अघिल्लो वर्षको तुलनामा स्वास्थ्यतर्फको वजेट कटौती गरेको देखिन्छ । रोल्पाले अघिल्लो वर्ष स्वास्थ्यतर्फ ६.३८ प्रतिशत वजेट छुट्ट्याएकोमा आर्थिक वर्ष २०७७/७८ मा १.६९ प्रतिशत मात्रै वजेट छुट्ट्याएको देखिन्छ । नेपालगञ्जले पनि ४.७१ प्रतिशतबाट घटाएर पछिल्लो वर्ष स्वास्थ्यतर्फको वजेट ०.७९ प्रतिशतमा सीमीत गरेको छ भने तानसेनले अघिल्लो वर्ष १८.४३ प्रतिशत छुट्ट्याएकोमा आर्थिक वर्ष २०७७/७८ मा २.९७ प्रतिशत मात्रै वजेट छुट्ट्याएको देखिन्छ । कोहलपुर, रेसुङगा, झिमरुक रम्भा र सन्धिखर्कले भने पछिल्लो वर्ष स्वास्थ्यतर्फको वजेट वृद्धि गरेका छन् । त्यसमध्ये झिमरुकले चाहिं स्वास्थ्यतर्फको वजेट उल्लेखनीय रुपमा वृद्धि गरेको देखिन्छ । झिमरुकले अघिल्लो वर्ष ०.२३ प्रतिशत स्वास्थ्यतर्फ छुट्ट्याएकोमा आर्थिक वर्ष २०७७/७८ मा ७.९५ प्रतिशत छुट्ट्याएको हो । त्यस्तै सन्धिखर्कले अघिल्लो वर्ष १.२६ प्रतिशत छुट्ट्याएकोमा आर्थिक वर्ष २०७७/७८ मा ५.५१ प्रतिशत छुट्ट्याएको हो । कोहलपुर, रेसुङगा र रम्भाले चाहिं स्वास्थ्यतर्फ अघिल्लो वर्षको तुलनामा आफनो बजेटमा दुई प्रतिशतभन्दा वढीले बृद्धि गरेका हुन् ।




## *खानेपानी र सफाईमा पनि औषत*

खानेपानी र सफाईको क्षेत्रमा कतिपय स्थानीय तहहरुले वजेट वृद्धि गरेका छन् भने केहीले चाहिं घटाएका छन् । अघिल्लो वर्षको तुलनामा कोहलपुर, रेसुङगा, तानसेन र सन्धिखर्कले अघिल्लो वर्षको तुलनामा खानेपानी तथा सफाईमा वजेट वृद्धि गरेका छन् भने रोल्पा, भिमरुक र रम्भाले चाहिं बजेट कटौती गरेका छन् । नेपालगञ्जले भने ०.०५ प्रतिशत मात्रै छुट्टयाएको छ ।



## समावेशीकरणमा न्युन वजेट

आर्थिक वर्ष २०७७/७८ मा लैगिक समानता र सामाजिक समावेशीकरणतर्फ सबैभन्दा धेरै सन्धिखर्कले १४.१८ प्रतिशत वजेट छुट्टयाएको छ भने त्यसपछि तानसेनले ११.३२ प्रतिशत वजेट छुट्टयाएको छ । त्यस्तै भिमरुकले १.४० प्रतिशत र रम्भाले १.०४ प्रतिशत वजेट छुट्टयाएका छन् । रोल्पा, कोहलपुर, रेसुङगा र नेपालगञ्जले चाहिं समावेशीकरणतर्फ आर्थिक वर्ष २०७७/७८ मा १ प्रतिशतभन्दा कम वजेट छुट्टयाएका छन् । अघिल्लो वर्ष भने सबैभन्दा धेरै रोल्पाले ९ प्रतिशत र तानसेनले ५.५९ प्रतिशत छुट्टयाएका थिए । आर्थिक वर्ष २०७५/७६ मा भने सबैभन्दा धेरै रम्भाले १४.३८ प्रतिशत, रोल्पाले १०.४१ प्रतिशत र नेपालगञ्जले ९.०१ प्रतिशत वजेट समावेशीकरणतर्फ छुट्टयाएका थिए । तानसेन र सन्धिखर्कले विगत तीन वर्षमा समावेशीकरणतर्फको वजेट क्रमशः बढाउँदै लगेका हुन् । अन्य स्थानीय तहले भने समावेशीकरणतर्फको वजेट घटाएका मात्रै होइनन्, त्यसलाई प्राथमिकता नदिएको देखिन्छ ।



## *निष्कर्ष र सुझावहरु*

लुम्बिनी प्रदेशका स्थानीय तहहरुको वजेटलाई केलाउँदा २०७५/७६ र २०७६/७७ को तुलनामा २०७७/७८ मा अधिकांश स्थानीय तहले वजेट वृद्धि गरेको देखिन्छ । रेसुङगा, झिमरुक, रम्भा, नेपालगञ्ज र तानसेनले आर्थिक विकासतर्फ हरेक आर्थिक वर्षमा वजेट वृद्धि गर्दै लगेको देखिन्छ । तर, रोल्पा नगरपालिकाको हकमा भने त्यस विपरित हरेक वर्ष आर्थिक विकासतर्फ वजेट घट्दै गएको देखिन्छ । त्यस्तै कोहलपुर र सन्धिखर्कले भने आर्थिक विकासतर्फ २०७५/७६ को तुलनामा २०७६/७७ मा घटाएपनि फेरि पछिल्लो आर्थिक वर्ष २०७७/७८ मा भने यसतर्फ वजेट वृद्धि गरेका छन् । अझ कोहलपुरले अघिल्लो वर्षको तुलनामा आर्थिक विकासतर्फ २०७७/७८ मा दोब्बर वजेट वृद्धि गरेको छ भने सन्धिखर्कले तीनगुणाले वजेट वृद्धि गरेको देखिन्छ । यसरी आर्थिक विकासतर्फ स्थानीय तहहरुले वजेट वृद्धि गर्दै जानु आफैमा सकारात्मक पक्ष हो ।

कतिपय स्थानीय तहले आर्थिक विकासको तुलनामा सामाजिक विकासमा पनि हाराहारीमा नै वजेट छुट्टयाएका छन् भने धेरैजसोले चाहिं सामाजिक विकासमा धेरै वजेट छुट्टयाएको देखिन्छ । कतिपय स्थानीय तहहरुले आफनो कुल वजेटको आधा हिस्सा रकम सामाजिक विकासका लागि छुट्टयाएको देखिन्छ । यसरी स्थानीय तहहरुले पछिल्लो वर्ष सामाजिक विकासलाई प्राथमिकता दिएको देखिन्छ ।

स्थानीय तहहरुले अघिल्ला दुई आर्थिक वर्षमा पुर्वाधार विकासलाई जोड दिएपनि पछिल्लो वर्ष यो शीर्षकमा वजेट कटौती गरेका छन् । अघिल्ला दुई आर्थिक वर्षमा कतिपयले एक तिहाई र केहीले आधा हिस्सा छुट्टयाए पनि पछिल्लो आर्थिक वर्षमा भने अधिकांशले यो शीर्षकको वजेट घटाएका हुन् ।

स्थानीय तहहरुले वातावरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकता दिएको देखिदैन । एक हिसावले भन्ने हो भने प्रायः सबै स्थानीय तहहरुले वातावरण तथा विपद् व्यवस्थापनमा न्युन वजेट छुट्टयाएको देखिन्छ । एक त विपद् व्यवस्थापनमा न्युन बजेट छुट्टयाउँदै आएका स्थानीय तहहरुले अघिल्ला आर्थिक वर्षको तुलनामा पछिल्लो वर्ष यो शीर्षकमा वजेट अझै कम छुट्टयाएका छन् । स्थानीय तहहरुले संस्थागत विकास, सेवा प्रवाह र सुशासन शीर्षकमा कमै मात्र वजेट छुट्टयाउने गरेका छन् ।

अधिकांश स्थानीय तहहरुले अघिल्ला दुई आर्थिक वर्षको तुलनामा २०७७/७८ मा कृषितर्फको वजेटमा वृद्धि गरेको देखिन्छ । सन्धिखर्कले कृषितर्फ २०७६/७७ मा २.२४ प्रतिशत छुट्टयाएकोमा २०७७/७८ मा वृद्धि गरेर ९.२८ प्रतिशत पुऱ्याएको छ भने तानसेनले २.९२ प्रतिशतवाट बृद्धि गरेर ७.२८ प्रतिशत पुऱ्याएको छ । त्यस्तै झिमरुकले २.१७ प्रतिशतवाट ४.५३ प्रतिशत पुऱ्याएको छ भने रम्भाले ४.९६ प्रतिशतबाट ५.७३ प्रतिशत पुऱ्याएको छ । कोहलपुर, रेसुङगा र नेपालगञ्जले पनि अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा कृषितर्फको वजेट वृद्धि गरेका छन् ।

स्थानीय तहहरुले शिक्षामा छुट्टयाएको वजेटलाई हेर्दा एक अर्कोवीच ठुलो अन्तर देखिन्छ । जस्तो कि नेपालगञ्जले शिक्षाका लागि ०.४५ प्रतिशत मात्रै बजेट छुट्टयाएको छ भने सबैभन्दा बढी रेसुङगाले शिक्षातर्फ ३४.६५ प्रतिशत वजेट छुट्टयाएको देखिन्छ ।

कोरोना भाइरसका कारण स्वास्थ्य क्षेत्रमा संकट आउँदा पनि स्थानीय तहहरुले आर्थिक वर्ष २०७७/७८ मा स्वास्थ्यतर्फको वजेटमा एकाधवाहेकले उल्लेखनीय परिवर्तन गरेको देखिदैन । बरु, रोल्पा, नेपालगञ्ज र तानसेनले अघिल्लो वर्षको तुलनामा स्वास्थ्यतर्फको वजेट कटौती गरेको देखिन्छ । कोहलपुर, रेसुङगा, झिमरुक रम्भा र सन्धिखर्कले भने पछिल्लो वर्ष स्वास्थ्यतर्फको वजेट वृद्धि गरेका छन् । त्यसमध्ये झिमरुकले चाहिं स्वास्थ्यतर्फको वजेट उल्लेखनीय रुपमा वृद्धि गरेको देखिन्छ । झिमरुकले अघिल्लो वर्ष ०.२३ प्रतिशत स्वास्थ्यतर्फ छुट्टयाएकोमा आर्थिक वर्ष २०७७/७८ मा ७.९५ प्रतिशत छुट्टयाएको हो । त्यस्तै सन्धिखर्क, कोहलपुर, रेसुङगा र रम्भाले पनि स्वास्थ्यतर्फ अघिल्लो वर्षको तुलनामा आफनो बजेटमा केही बृद्धि गरेका हुन् ।

खानेपानी र सफाईको क्षेत्रमा कतिपय स्थानीय तहहरुले वजेट वृद्धि गरेका छन् भने केहीले चाहिं घटाएका छन् । कोहलपुर, रेसुङगा, तानसेन र सन्धिखर्कले अघिल्लो वर्षको तुलनामा खानेपानी तथा सफाईमा वजेट वृद्धि गरेका छन् भने रोल्पा, झिमरुक र रम्भाले चाहिं बजेट कटौती गरेका छन् । यो अवस्थामा स्थानीय तहहरुले आगामी आर्थिक वर्षमा निम्न पक्षमा ध्यान दिनुपर्ने देखिन्छ ।

- आर्थिक विकासतर्फ अघिल्लो दुई वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ अधिकांश स्थानीय तहहरुले वजेट वृद्धि गर्नुलाई सकारात्मक रुपमा लिन सकिन्छ । यद्यपी यो पर्याप्त छैन । त्यसैले आगामी आर्थिक वर्षमा आर्थिक विकासतर्फको वजेटलाई अझै वृद्धि गर्दै लैजान आवश्यक छ ।
- स्थानीय तहहरुले सामाजिक विकासमा उल्लेखनीय वजेट छुट्टयाएको देखिन्छ । यसलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिन जरुरी छ ।
- स्थानीय तहहरुले वातावरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकता दिएको देखिदैन । आगामी दिनमा स्थानीय तहले विपद् व्यवस्थापनको पक्षलाई ध्यान दिदै यो शीर्षकमा उचित बजेट विनियोजन गर्न आवश्यक छ ।
- स्थानीय तहहरुले संस्थागत विकास, सेवा प्रवाह र सुशासनको पक्षमा पनि उत्तिकै ध्यान दिन जरुरी छ ।
- अधिकांश स्थानीय तहहरुले अघिल्ला दुई आर्थिक वर्षको तुलनामा २०७७/७८ मा कृषितर्फको वजेटमा वृद्धि गरेको देखिन्छ । तर, यो पर्याप्त देखिदैन । त्यसैले आगामी आर्थिक वर्षमा स्थानीय तहहरुले कृषितर्फको वजेट वृद्धि गर्ने कार्यमा ध्यान दिन आवश्यक छ ।
- कोरोना भाइरसका कारण स्वास्थ्य क्षेत्रमा संकट आउँदा पनि स्थानीय तहहरुले आर्थिक वर्ष २०७७/७८ मा स्वास्थ्यतर्फको वजेटमा उल्लेखनीय परिवर्तन गरेको देखिदैन । आगामी आर्थिक वर्षमा स्वास्थ्य पुर्वाधार एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि यो शीर्षकमा वजेट वृद्धि गर्न आवश्यक छ ।